# नेपाल राष्ट्र बैंक

**केन्द्रीय कार्यालय**

**सामान्य सेवा विभाग, वालुवाटार, काठमाण्डौंको**

**फर्निचर सामानहरु खरिद गर्ने वारेको**

**शिलवन्दी वोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०६८।०९।२३)**

बैंकको केन्द्रीय कार्यालयको लागि फर्निचर सामानहरु खरिद गर्नु परेकोले वोलपत्र फारम साथ संलग्न गरेको नक्सा बमोजिम हुनेगरी जडान गरिने स्थान अनुसारको फर्निचरहरु आपूर्ति गर्न गराउन ईच्छुक फर्म/कम्पनीहरु बाट यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन (मिति २०६८/१०/२२ गते दिनको ४.०० वजेसम्म) वोलपत्र फारम सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट रु. ५,०००।०० (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ । वोलपत्र मिति २०६८/१०/२३ गते दिनको १२.०० बजे भित्र सामान्य सेवा विभागमा आईपुग्ने गरी पेश गर्न सकिनेछ । वोलपत्र सोही दिन अपरान्ह ३.०० वजे खोलिनेछ ।

वोलपत्रसाथ वोलपत्र जमानत वापत आफुले कबोल गरेको रकमको पाँच प्रतिशतले हुने रकम यस बैंकको थापाथलीस्थित सा.हि.नं.९ मा नगदै जम्मा गरेको सक्कल भौचर (भौचरको पछाडि पट्टी **फर्निचर सामान खरिद गर्ने वारे** लेखि फर्म/कम्पनीको नाम, छाप तथा दस्तखत अनिवार्यरुपमा खुलाउनु पर्नेछ) वा वोलपत्र पेश गर्ने अन्तिम मितिले ६० दिन अवधि भएको यस बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेण्टी संलग्न हुनु पर्नेछ । वोलपत्र सम्वन्धी सम्पूर्ण शर्त तथा बिवरणहरु वोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन । यस सम्वन्धी सम्पूर्ण विवरण बैंकको Website www.nrb.org.np मा हेर्न सकिनेछ ।

सामान्य सेवा विभाग

आन्तरिक प्रशासन फाँट